प्रस्तावहरु

१. रामजानकी कुटी सम्बन्धमा
२. भ्युटावर निर्माण सम्बन्धमा
३. दररेट निर्धारण सम्बन्धमा
४. विविध सम्बन्धमा

उपरोक्त प्रस्ताव उपर भएका निर्णयहरु:

निर्णय नं. १. क) प्रस्ताव नं. १ माथि छलफल गर्दा रामजानकी कुटी निर्माण सम्बन्धी विषयमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा भ्युटावर निर्माण गर्ने योजना तथा कार्यक्रमको म्याद २०७७ साल असार १५ गते समाप्त भएको हुँदा उक्त योजना तथा कार्यक्रमलाई निरन्तरता दिई सम्पन्न गर्नका लागि २०७८ साल चैत्र मसान्तसम्मका लागि म्याद थप गर्ने ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रत्येक आर्थिक वर्ष विकास निर्माण लगायतका अन्य कामकारवाहीका लागि दररेट निर्धारण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस चालु आर्थिक वर्ष २०७८/८९ का लागि दररेट निर्धारण सम्बन्धी आगामी कार्यापालिकामां छलफल गर्ने ।

निर्णय नं. ४. (१)प्रस्ताव नं. ४ माथि छलफल गर्दा

- यस बर्जु गाउँपालिकामा कार्यरत स्थानीय सेवा तर्फको कर्मचारीहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरेको कार्यसम्पादन मूल्याङ्कन फारामलाई स्वीकृत गरियो ।
- यस बर्जु गाउँपालिकामा नेपाल सरकार सशर्त तर्फ आर्थिक वर्ष २०७७/७८ मा संचालित गरिबी निवारण तथा लघु उद्यम कार्यक्रमको सम्बन्धित निर्देशिकाको अनुसूची-१७ बमोजिम पेश गरेको प्रगति प्रतिवेदन स्विकृत गरियो ।
- यस बर्जु गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा न्यायिक समितिमा मेलमिलाप भएका/गरेका उजुरी तथा मुद्दालाई अनुमोदन गरियो ।
- *नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय(निति योजना तथा प्रशासन महाशाखा) को प.सं. १(यो) २०७८/७९, च.नं. ०२, मितिः २०७८/०४/०३* को पत्रबमोजिम कोभिड १९ संक्रमितहरुको उपचार व्यवस्थापन प्रयोजनका लागि कोभिड १९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार अस्पताल नभएका ६४९ स्थानीय तहहरुमा सञ्चालित कोभिड १९ अस्थायी अस्पताललाई स्थानीय तहको आवश्यकतानुसार २०७८ श्रावण देखि बढीमा ६ महिनासम्म निरन्तरता दिने भनी सचिवस्तरीय निर्णय भई आएको हुँदा यस बर्जु गाउँपालिकाको वडा नं. ३ मा सञ्चालित ५- सैयाको कोभिड अस्पताललाई सोही निर्णय बमोजिम नै निरन्तरता दिने ।